# ८ परमेश्वरको व्यवस्था र ख्रीष्टको व्यवस्था

*यस अध्यायका मूल पदहरू* मत्ती १९:१६-२२, यूहन्ना १३:३४,३५, गलाती ६:१-५, प्रेरित १७:३१ र यूहन्ना ५:३०।

*स्मरण गर्नुपर्ने पद:* **"यदि मैले दिएका आज्ञाहरू तिमीहरूले पालन गऱ्यौ भने त्यसले तिमीहरू मेरो प्रेममा रहिरहेको भनेर देखाउँदछ। त्यहि रितले मैले पनि मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहिरहेको छु।" (यूहन्ना १५:१० रूपान्तरित)।**

**विधिमा चल्न चाहने प्रायजसो सबै राष्ट्रहरूमा नियम कानूनहरू हुन्छन्।** आफ्ना देशमा रहने नागरिकहरूको हितको निम्ति राष्ट्रिय सरकारले कानूनहरूलाई सब भन्दा उच्च तहमा राख्दछन्। पूरा राष्ट्रलाई समेटने कानूनको अलावा देशमा रहेका साना साना क्षेत्रहरूमा रहने मानिसहरूको निम्ति स्थानिय कानूनहरू हुन्छन्। ठूला क्षेत्रको निम्ति र सानो क्षेत्रको निम्ति ती क्षेत्रहरूमा रहने मानिसहरूलाई सुहाउँदो कानूनहरू हुन्छन्। देश भित्र रहेका सबै क्षेत्रहरूका बासिन्दाको निम्ति कानूनहरू बनाउन स्थानिय क्षेत्रहरूलाई अभिभारा दिएका हुन्छन्। तर राष्ट्रले बनाएका कानून भन्दा शक्तिशाली कानून त्यस देशका कुनै क्षेत्रले बनाउन सक्दैन। कुनै कानून प्रयोग गर्दा कहिलेकाहिँ परिस्थिति हेरेर फरक ढङ्गले वाख्या गरेर कार्यान्वन गर्न सकिन्छ। तर जुन् उद्देष्यको निम्ति कानून बनाइएको छ त्यो उद्देष्यको अभिप्राय विपरित त्यो कानून कार्यान्वन हुन सक्दैन।

सारा जगतका स्वामी भएको हैशियतले परमेश्वरले पनि उहाँका सारा जनहरूको हितको निम्ति विधिको शासन चलाउन कानून वा व्यवस्थाको स्थापना गर्नुभएको छ। जब येशू ख्रीष्ट मानव रूप धारण गरेर रगत र मासुको चोला लिएर आउनुभयो तब उहाँले अरू मानिसहरू जस्तै परमेश्वरका आज्ञाहरूको अनुसार चल्न र उहाँका वचनहरू पाल्न आफूलाई सुम्पिनु भएको थियो (फिलिप्पी २:५-११)। त्यसकारण येशूले सिकाउनुभएका सबै व्यवस्था, कानून, नीतिनिर्देशन वा

आज्ञाहरू पूर्णरूपमा परमेश्वरको व्यवस्था वा विधिको शासन सम्मत थिए।

## १. व्यवस्था र अगमवक्ता वा परमेश्वरका विषेश सन्देशवाहकहरू (मत्ती ५:१७)

कतिले यो दावी गर्दछन् कि दश आज्ञाहरू केवल इस्राएली वा यहूदीहरूको निम्ति मात्र हुन्। जब येशू क्रुसमा मर्नुभयो त्यसको औचित्य समाप्त भयो रे! नयाँ करारमा चलेका अनुग्रहको युगको सामु ती दश आज्ञाहरूलाई पालन गर्नु आवश्यक छैन भनेर इसाई भनाउँदाहरूले नै सिकाएको पाइन्छ। क्रिश्चियन भएपछि पुरानो व्यवस्था वा दश आज्ञाबाट मुक्त भएका छौं भनेर पनि अरू इसाई सम्प्रदायका मानिसहरूले सिकाउँछन्। इसाईहरू होइन केवल यहूदीहरूले मात्र ती दश आज्ञाहरू पालन गर्न अझ अपेक्षा गरिएको छ भनेर तिनीहरूले सिकाउँदछन्। हो, धर्मकर्म वा दश आज्ञालाई मात्र पालन गरेर मानिसहरूले मोक्ष पाउन सक्दैन भनेर बाइबलले सिकाउँदछ। तर परमेश्वरको विधिको शासन वा दश आज्ञालाई तोड्न इजाजत बाइबलका कुनै पनि पदले अनुमोदन गरेको छैन। यदि यस्ता पद कुनै छ भने त्यसले मानिसलाई पाप गर्न इजाजत दिएको ठहर्छ। अनि अति महत्त्वपूर्ण विषयमा बाइबल आफै विवाद गरेको देखाउँछ।

हामीलाई थाहा छ कि परमेश्वरले उहाँका अति महत्त्वपूर्ण करार वा प्रतिज्ञालाई ढुङ्गाको पातीमा कोर्नुभएको थियो। त्यसलाई हामीले व्यवस्था वा दश आज्ञा भनेर मानन्दछौं। तर दश आज्ञामा नभएका अरू विस्तृत नीति निर्देशनहरू पनि बाइबलमा छन्। धर्मगुरूहरूले मानिसहरूलाई परमेश्वरको इच्छालाई राम्रोसँग बुझाउन खोजेका थिए। तर व्यवस्थामा लेखेका र अगमवक्ताहरूले लेखेका कुराहरूलाई रद्द गर्न आफू आएको होइन भनेर येशूले घोषणा गर्दा उहाँ धर्मगुरू वा रब्बीहरू भन्दा पनि पार भएर बोल्नुभएको देखाउँछ (मत्ती ५:१७ रूपान्तरित)।

दश आज्ञाहरू छोटो छन्। परमेश्वरले बोल्नुभएका प्रत्यक्ष्य वचन वा उहाँका सन्देशवाहक अर्थात् अगमवक्ताहरूद्वारा दिनुभएका प्रत्येक वचन उहाँ व्यवस्थामा सम्मिलित भएको छ भनेर मान्नुपर्दछ।

**प्रभु येशूसँग दश आज्ञाको के सरोकार छ भनेर देहायका पदहरूले हामीलाई के सिकाउँदछन्? हेर्नुहोस्: मत्ती १९:१६-२२**

"उहाँकहाँ आएर एक जनाले भने, “हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?” १७ उहाँले तिनलाई भन्नुभयो, “असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।” १८ तिनले उहाँलाई भने, “कुन-कुनचाहिँ?” येशूले भन्नुभयो, “तैंले हत्या नगर्नू, तैंले व्यभिचार नगर्नू, तैंले चोरी नगर्नू, तैंले झूटो गवाही नदिनू। १९ आफ्ना आमा-बुबाको आदर गर्नू, र आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नू।” २० ती जवान मानिसले उहाँलाई भने, “यी सब त मैले पालन गरेकै छु। अब ममा के कमी छ?” २१ येशूले तिनलाई भन्नुभयो, “तिमी सिद्ध हुन चाहन्छौ भने, गएर तिमीसित भएका सबै बेचेर दरिद्रहरूलाई देऊ, र तिमीले स्वर्गमा धन प्राप्त गर्नेछौ, अनि आएर मपछि लाग।” २२ जब ती जवान मानिसले यो कुरा सुने, तिनी दुःखित भएर गइहाले, किनकि तिनको धेरै धन-सम्पत्ति थियो।" र मत्ती २२:३४-४० "उहाँले सदुकीहरूलाई चूप पार्नुभयो भन्ने सुनेर फरिसीहरू उहाँकहाँ भेला भए। ३५ तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, ३६ “गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?” ३७ उहाँले तिनलाई भन्नुभयो, “तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान् र प्रथम आज्ञा यही हो। ३९ दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। ४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।”

परमेश्वरले आफ्नो वचन बाइबलमा सयौं नीतिनिर्देशन वा आज्ञाहरू छन्। तर सबै आज्ञा वा नीतिनिर्देशनलाई लागु गर्ने ठोस मापदण्ड दश आज्ञासम्मत हुनुपर्थ्यो। त्यसैकारण एक जना धनी युवा शासकले मुक्ति पाउन के गर्नुपर्छ भनेर येशूसँग जिज्ञासा राख्दा उहाँले दश आज्ञाबाट पाँच आज्ञाहरूलाई उदृध गर्नुभएको थियो। दश आज्ञाको संक्षिप्त सार व्यवस्था ६:५ र लेवी १९:१८मा पनि दिएको छ। परमेश्वरलाई प्रेम गर्ने र हामीहरूको छिमेकीलाई प्रेम गर्ने दश आज्ञाका निर्देशनको सार अझै पनि यथावतै छ। येशूले नै भन्नुभयो "ती दुई आज्ञाहरूमा सबै व्यवस्था र भविष्यवक्ताका वचनहरू झुन्डिएका छन्।" (मत्ती २२:४० रूपान्तरित)। जसरी परमेश्वरले आफ्ना सृष्टिलाई प्रेम गर्नुहुन्छ त्यसरी नै एक आपसमा प्रेम गरोस् भन्ने चाहनामा पिता र येशू

एकमत भएर मानिसहरूलाई उचाल्नुहुन्छ। परमेश्वरले दिनुभएको वा गर्नुभएको प्रेमको जग दश आज्ञाको पालन हो भनेर पनि ती पदहरूले स्पष्ट पारेका छन्।

**तपाईंको जीवनमा तपाईंले के गर्नुहुन्छ जसले तपाईंले परमेश्वर र छिमेकीलाई प्रेम गर्नुहुन्छ भनेर देखाउँदछ?**

## २. आदर्श प्रेमका नीतिहरू (यूहन्ना १५:१०)

परमेश्वरको व्यवस्थाप्रति येशू कतिको प्रतिबद्ध र निष्ठावानहुनुभएको थियो भन्ने धेरै उदाहरणहरू नयाँ करारमा दिएका छन्। बालककालमै उहाँ को हुनुहुन्थ्यो भन्ने बुझ्नुभएको थियो भनेर लूका २:२४ले उहाँकै वचनबाट आभास दिँदछ। यरुशलेममा तिर्थ यात्र गरेपछि फर्किने क्रममा येशू आफ्ना सांसारिक मातापिताको साथमा हुनुभएको थिएन। तिनीहरू उहाँ हरायो भन्ने पिडाले ग्रष्ट भएर तिन दिनसम्म खोजेका थिए। जब उहाँ मन्दिरमा पण्डितहरूसँग बहस गरिरहनुभएको तिनीहरूले भेट्टाए तब येशू आफूहरूको साथमा नहिँडेकोले चित्त दुखेको मरियमले येशूलाई पोखेकी थिइन्। त्यसबेला उहाँले जवाफ दिनुभएको थियो, "के म मेरो पिताको कारोबारमा हुनुपर्छ भन्ने कुरा तपाईंहरूलाई थाहा छैन?" जब येशू आफ्नो परिवारसँग घर फर्किए तब उहाँ आफ्नो आमाबाबुप्रति नम्र भइ निष्ठावान वा श्रद्धावान भएर बसेका थिए भनेर लूका २:५१ले बताउँदछ। अरू बेलामा परमेश्वरको सामु बाहेक कसैको सामु झुक्न नहुने प्रतिबद्धता उजाड स्थानमा प्रलोभन देखाउँदा उहाँले शैतानलाई व्यक्त गर्नुभएको थियो (लूका ४:८)। शबाथलाई कसरी सच्चाईका साथ पालन गर्ने भनेर उहाँले विभिन्न जीवित उदाहरणहरूद्वारा प्रस्तुत गर्नुभएको थियो। त्यसमा लूका ४:१६ एक ज्वलन्त उदाहरण हुन्। आफ्नो सम्पूर्ण जीवन परमेश्वरको आज्ञालाई शिरोपर गरेर येशू जीउनुभएको थियो भनेर पावलले फिलिप्पी २:५-११मा कोर्दछन्। (येशूको प्रत्येक पल परमेश्वरको आज्ञाको बलमा चलेको थियो)। अनेक किसिमका परिक्षा वा प्रलोभनमा येशूलाई फसाउन खोजिएको थियो तर उहाँ ती परिक्षाहरूमा फस्नु भएन। परमेश्वरप्रति कर्तव्यनिष्ठ हुनुभएकोले उहाँ कहिल्यै पनि पाप गर्नुभएन भनेर हिब्रू ४:१५ले बताउँदछ। त्यसैकारण उहाँले आफ्नो अन्तिम घडीमा यो दावी गर्नुभएको थियो "मेरा पिताका

आज्ञाहरूमा म पालन गरें र उहाँको प्रेममा रहिरहें।"(यूहन्ना १५:१० रूपान्तरित)।

तर उहाँले नयाँ आज्ञा दिन्छु भनेर यूहन्ना १३:३४,३५मा **भन्नुभएको के हो? हेर्नुहोस् "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछुः तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर। ३५ यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्‍यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ।"**

आज्ञा पालन र प्रेमसंघ घनिष्ठ सम्बन्ध हुन्छ भन्ने आत्मज्ञान येशूले बुझ्नुभएको थियो। हामी मानिस भएको कारणले प्रेममा नीति वा नियमहरू हुन्छन् भन्ने कुरामा त्यत्तिको ख्याल गर्दैनौं। त्यही सन्दर्भमा हामी भन्न सक्छौं कि दश आज्ञाहरू मानिसहरूको निम्ति दिएका आदर्श नीति वा नियमहरू हुन्। उहाँ र अरूलाई कसरी प्रेम गर्ने भन्ने परमेश्वरको चाहना ती दश आज्ञाले हामीलाई वाख्या गरेको छ। (हाम्रो जीवन कुन् नक्सा अनुसार हिंडाउनु पर्छ भनेर ती दश आज्ञामा कोरेको छ)।

परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:१६)। (तर याद गर्नुहोस्, आधुनिक समाजमा प्रेमको परिभाषा स्पष्ट नभएकोले प्रेम परमेश्वर हो भन्न सकिन्दैन-अनुवादकको टिप्पणी)। त्यसैकारण चेलाहरूलाई येशूले दिनुभएको (यूहन्ना १३:३४,३५) आफ्नो नयाँ नीतिले प्रेममा आदर्श नीति छ जुन् उहाँको पिता परमेश्वर आफैबाट सुरू गर्नुभएको थियो भनेर खुलाइएको थियो (यूहन्ना ३:१६)। कसैलाई प्रेम गर्नु वा माया गर्नुको मापदण्ड हामी नभएर येशू नै हुनुहुन्छ भनेर उहाँले सिकाउनुहुन्छ। हामीले अरूलाई हामीले एक आपसमा गर्ने प्रेम जस्तो होइन तर उहाँले गर्ने प्रेमले प्रेम गर्नुपर्छ भन्ने नीति येशूले हाम्रो सामु पनि तेर्स्याइ दिनुभएको छ।

"जब येशूले ती वचनहरू बोल्नुभएको थियो, त्यसबेला उहाँका चेलाहरूले बुझ्न सकेका थिएनन्। तर तिनीहरू येशूले भोग्नुभएको कष्टको प्रत्यक्ष्य साक्षी भएका थिए। तिनीहरूले उहाँलाई क्रुसमा टाँगिएको देखेका थिए  र साथै उहाँ जीवित हुनुभएको पनि देखेका थिए। उहाँ स्वर्गतिर जानुभएको प्रत्यक्ष्यदर्शी भएका थिए। पेन्टिकोस्टको समयमा तिनीहरूले पवित्र आत्मा पाएका थिए (प्रेरित

२:१-४)। त्यसपछि मात्र परमेश्वरको प्रेम स्पष्ट रूपमा बुझ्न ती चेलाहरू सफल भएका थिए। एक आपसमा हुनुपर्ने प्रेमको असली स्वभाव पनि तिनीहरूले राम्रोसँग बुझ्न सक्षम् हुनपुगेका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ. ५४७बाट रूपान्तरित।

**उपरोक्त अंशलाई ध्यानमा राखेर १ यूहन्ना ३:१६ पनि पढ्नुहोस्। हामीहरूको जीवनमा त्यस्तो खालको प्रेम कसरी जगाउने? हामीहरूले आफ्नो भाऊलाई कसरी पन्छाउने जसले गर्दा अरूलाई येशूको जस्तो प्रेम देखाउन सक्षम् हुनसक्छौं? हेर्नुहोस् "यसैबाट प्रेम के हो हामी थाहा पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो। हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ।"**

## ३. सबै मानिसको निम्ति सबै थोक हुने (१ कोरन्थी ९:१९-२३)

**परमेश्वरको व्यवस्थाप्रति पावल अत्यन्त प्रतिबद्ध थिए। १ कोरन्थी ९:१९-२३मा व्यवस्थाको बारेमा गहिरो टिप्पणी गरेका छन्। त्यो के हो, पढ्नुहोस्: "किनभने म मानिसहरूबाट स्वतन्त्र भए तापनि अझ धेरैलाई जित्न सकूँ भनेर मैले आफैलाई सबैको दास तुल्याएँ। २० यहूदीहरूलाई जितूँ भनेर यहूदीहरूका निम्ति म यहूदीजस्तै बनें। व्यवस्थाको अधीनमा रहनेहरूलाई जितूँ भनेर म आफै व्यवस्थाको अधीनमा नभए तापनि व्यवस्थाको अधीनमा भएकाहरूका निम्ति व्यवस्थाकै अधीनमा रहेजस्तै भएँ। २१ व्यवस्थाको बाहिर हुनेहरूलाई जितेर ल्याउन सकूँ भनेर व्यवस्थाको बाहिर हुनेहरूका निम्ति म व्यवस्थाको बाहिर भएझैं बनें। तर परमेश्वरको व्यवस्थाबाट म स्वतन्त्र छैनँ, म ख्रीष्टका व्यवस्थाको अधीनमा छु। २२ दुर्बलहरूलाई जितूँ भनेर दुर्बलहरूका निम्ति म दुर्बल बनें। सब प्रकारका उपायले कसै न कसैलाई बचाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बनें। २३ सुसमाचारका आशिष्हरूको सहभागी हुन सकूँ भनेर सुसमाचारकै खातिर म यी सब थोक गर्दछु।"**

सारा मानिसहरू अनन्त जीवनको वरदान पाओस् भन्ने परमेश्वरको चाहना छ।अनि त्यो वरदान पाएर मानिसहरू अनन्त राज्यको नागरिक होस् भन्ने उहाँ चाहनुहुन्छ। सारा मानिसहरू परमेश्वरको राज्यप्रति चासो देखाउने योजना पावलले १ कोरन्थी ९मा कोर्दछन्। विभिन्न संस्कृति र संस्कारले गर्दा मानिसहरू सुसमाचार सुन्न

र ग्रहण गर्न असमर्थ भएको कुरालाई पावलले राम्ररी बुझेको थियो। ती विभिन्न राष्ट्रका विभिन्न मानिसहरूको संस्कार, रहनसहन र संस्कृतिसँग सम्झौता नगरेतापनि तिनीहरूको माझमा मिलेर बस्ने प्रण पावलले गरेका थिए। किनकि उनी चाहन्थे कि मानिसहरूले मोक्ष पाउन कुनै पनि संस्कार वा संस्कृति तिनीहरूको सामु अवरोध नहोस्। सबै जाति र सबै वर्गले मुक्ति पाउन् भन्ने पावलको निरन्तर प्रयास थियो।

परमेश्वरको राज्यको हकदारी हुने सबै जना उहाँको विधिको शासनमा रहनुपर्दछ। त्यो विधि दश आज्ञामा कोरिएको छ। जो मानिस उहाँको सेवा गर्छ उसले उहाँको चाहनालाई पछ्याउनु पर्दछ। मानिसहरूको सामु जान सृजनात्मक उपायहरू पावलले सोचेका थिए। तर परमेश्वरको व्यवस्थाको अधिनमा रहन उनी सदा तत्पर थिए। मानिसहरूले मुक्ति पाउन् भन्ने तरखरमा आफू लाग्दा परमेश्वरको व्यवस्थालाई पन्छाउन पावल राजी थिएन। यदि परमेश्वरको व्यवस्थाको खिलाफमा गएन भने मानिसहरूको संस्कार वा रहनसहनमा आफूलाई समायोजन गर्न उनी तयार थिए। ख्रीष्टको नीति नै पावलको नीति थियो (१ कोरन्थी ९:२१)।

ख्रीष्टले उपयोग गर्नु भएको नीति के थियो भन्ने कुरालाई पावलले औंल्याएको हामीले बुझ्न सक्छौं। केवल निश्चित देश वा चुनिएको जातिलाई मात्र होइन सबै देशका सबै मानिसहरूलाई प्रेम गर्ने येशूको नीति थियो। येशूको नीति वा व्यवस्थाको नाउँमा परमेश्वरको दश आज्ञालाई हटाउने पावलको योजना थिएन। ती दुवै नीति एक आपसमा मिलेर अनुग्रहद्वारा मुक्ति पाउनेहरूलाई प्रेमिलो परमेश्वरको व्यवस्थालाई चिनाइ दिन्छ। मुक्ति नपाएका मानिसहरूको निम्ति आफू के गर्न तयार छन् भनेर पावलले वाख्या गर्दछन्। येशूको नीतिमा चल्नु भनेको आफ्नो भाऊ नखोज्ने र स्वार्थलाई त्याग्ने आदर्श नीति कस्तो हुनुपर्छ भनेर देखाएको पावलको अनुकरणीय उदाहरणलाई सबैले आत्मसात् गर्नु जरुरी छ।

**अरूको सामू ख्रीष्टलाई चिनाउन तपाँई कतिको त्याग गर्न तत्पर हुनुभएको छ? तपाईंले आफ्नो स्वार्थलाई कतिको त्यागी सक्नुभएको छ जसले गर्दा अरूले सुसमाचार सुनुन्? तपाईं येशूको अनुयायी भनेर दावी गर्नुहुन्छ भने येशूको नीति तपाईं कतिको पछ्याइरहनुभएको छ?**

## ४. येशूको नीति वा व्यवस्थालाई पूरा गर्नु (गलाती ६:२)

चाहे कागजमा होस् वा चाहे प्रकृतिमा होस्, परमेश्वरको इच्छा उहाँको व्यवस्थाद्वारा कुँदिएको बुझ्न चाहने प्रत्येक व्यक्तिले देख्न सक्दछन् (रोमी १:२०, २:१२-१६)। त्यसले गर्दा परमेश्वरको आधारभूत आवश्यकता के हो सो थाहा छैन भन्ने बहाना कसैले गर्न सक्दैन। "सबैले पाप गरेका छन् र परमेश्वरको महिमा रहित भएका छन् अर्थात् सिद्ध जीवन जीउन असमर्थ भएका छन्।" (रोमी ३:२३ रूपान्तरित)। त्यसले गर्दा सबै जना नाश हुने न्यायमा परेका छन् (रोमी ६:१२, इजिकिएल १८:४ रूपान्तरित)। तर त्यसो भयो भन्दैमा सबै थोक गुमिएको छ भन्ने छैन। अनन्त जीवनको वरदान दिएर पापको श्रापलाई रोकिएको छ। येशू ख्रीष्टको जीवन, मृत्यु र पुनरुत्थानले त्यो वरदान उपलब्ध गरिएको छ (एफिसी २:८)।

जब विश्वासीमा परमेश्वरको अनुग्रहले छाउँछ तब अनुशासित र आज्ञाकारी जीवन बिताउन ऊ सक्षम् हुन्छ भनेर पावलले भनेका छन् (रोमी ६:१५, एफिसी२:१०, तितस २:११-१४)। तर हामीहरूको कमी कमजोरीले गर्दा परमेश्वरमा सधैं निष्ठावान र आज्ञाकारी भएर जीइएका छैनौं भन्ने कुरा हामी सबैलाई थाहा छ।

**येशू नीति वा उहाँको व्यवसथामा हामी चलेका छौं भनेर देखाउने एउटा उपाय के छ भनेर गलाती ६:१-५मा कसरी देखाउँछ, हेर्नुहोस्: "भाइ हो, यदि कुनै मानिस अपराधमा पक्राउ पर्‍यो भने तिमीहरू जो आत्मिक छौ, तिमीहरूले नै नम्रतापूर्वक तिनको सुधार गर। आफ्नै पनि विचार राख, नत्रता तिमीहरू पनि परीक्षामा पर्नेछौ। २ एउटाले अर्काको भार उठाओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर। ३ किनकि कुनै मूल्य नभएको मानिसले आफैलाई केही हुँ भनी ठान्छ भने त्यसले आफैलाई धोका दिन्छ। ४ प्रत्येकले आफ्नै कामको जाँच गरोस्, तब मात्र त्यसले आफैलाई अरूसँग तुलना नगरी आफैमाथि गर्व गर्न सक्छ। ५ किनभने हरेकले आफ्नो भार आफै उठाउनुपर्छ।"**

सबै जना कुनै न कुनै प्रलोभन वा लालसामा पर्छन् भन्ने कुरा थाहा पाउनु जरुरी छ। कमजोरी अवस्थामा जो पनि पाप गर्न समर्पित हुन सक्छ। त्यसकारण कोही विश्वासी मित्र पापमा फस्यो भने उसको झट्ट आलोचना गर्नु उनीप्रति अत्यन्त असंवेदनशील हुनु हो। पापमा फसेकोलाई सहायता गर्न कहिलै पाप नगर्नुभएको येशूले सहायता गर्न

राजी हुनुभएको थियो। एलेन जी ह्वाइटले भन्नुभएको थियो "येशूले मानव कमजोरीप्रति कहिले पनि आक्रामक वा आलोचनात्मक हुनुभएन।"-डिजाएर अभ एजेज्, पृ. ३५३बाट रूपान्तरित। कमजोरले गर्दा नराम्रो बाटोमा लागेका मानिसहरूलाई परमेश्वरतिर फर्काउन पावलले अनुरोध गर्दछन् (गलाती ६:१)। त्यसको अर्थ यही हो, जो मानिस पापमा फस्छ त्यसलाई परमेश्वरको व्यवस्था वा दायरामा ल्याउने धर्म येशूभक्तको हो भनेर बुझ्नु जरुरी छ।

ख्रीष्टको नीति वा व्यवस्था दया र ममताले परिचालित भएको हुन्छ। यदि ख्रीष्टको त्याग र मृत्यु नभएको भए परमेश्वरको व्यवस्था वा दश आज्ञालाई पालन गर्नुको औचित्य हुने थिएन। ख्रीष्टले अनन्त जीवन सम्भव बनाउनु भएकोले नै कमजोरी अवस्थामा विश्वासीहरूले दश आज्ञालाई स्मरण गरेर त्यसलाई पालन गर्नु उचित कारण हुन जान्छ। येशूको ममतामयी नीतिलाई प्रयोग गरेर पश्चाताप वा दुःख मानेका पापीहरूलाई परमेश्वरको प्रेमको व्यवस्थामा ल्याउन प्रत्येक येशूभक्तले प्रयास गर्नुपर्छ।

**तपाईं अयोग्य वा असक्षम् भएको बेलामा कसैको अनुग्रह पाउँदा तपाईंलाई कस्तो महसूस गर्नुभएको छ सो सोच्नुहोस्। (यदि तपाईं अनुग्रह वा दयाको योग्य हुनुभएको भए तपाईंले पाउने त्यो दया वा अनुग्रह हुने थिएन)। अर्को पल्ट कसैलाई तपाईंको अनुग्रह वा दयाको खाँचो परेको बेलामा आफूले पाएको अनुग्रह वा दयालाई सम्झेर त्यस व्यक्तिप्रति कसरी संवेदनशील हुने?**

## ७. परमेश्वरको न्यायनिशाफ र व्यवस्था अर्थात् विधिको शासन (यूहन्ना ५:३०)

परमेश्वरको व्यवस्था दयाको व्यवस्था हो। विधिको शासनमा रहनु भनेको उहाँको ममतामा रहनु हो। उहाँको ममता वा दयामा रहनेहरूलाई कुन् चालामा चलेको छ भनेर त्यहि व्यवस्थालाई उहाँले प्रयोग गर्नुहुनेछ। विधिको शासनमा रहेर उचित र न्यायोचित जीवन बिताउन परमेश्वरले पापीहरूलाई निरन्तररूपमा अवसर दिइरहनुभएको छ। उहाँ चाहनुहुन्छ कि मानिसहरू आफ्ना कुकृत्यहरूबाट पन्छिएर उहाँप्रति बफादार भएर बसुन्। तर त्यो समय आउने छ जब संसारभरी यो बुलन्द आवाज घन्किने छः "जो मानिस ठीक गर्छ त्यसले ठिकै

गरिरहोस्। जो मानिस शुद्ध र पवित्र छ त्यो मानिस सिद्ध र पवित्र भइरहोस्।" (प्रकाश २२:११ रूपान्तरित)। अन्तिम न्यायको समयलाई चेलावनी दिने त्यस आवाजको मर्म हो।

**"तिनले (स्वर्गदूत) चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" उपरोक्त कथन यूहन्नाले देखेका तिन स्वर्गदूतहरूको दर्शनमध्ये एक स्वर्गदूतको आवाज हो। प्रेरित १७:३१, २ तिमोथी ४:१, २ कोरन्थी ५:१०मा पनि ख्रीष्टले गर्नुहुने न्यायको बारेमा उल्लेख गरिएको छ। न्यायको समयमा येशूले के गर्नुहुनेछ भनेर यूहन्ना ५:३०मा लेखिएको कसरी बुझ्ने? हेर्नुहोस् "म आफै केही गर्न सक्दिनँ। जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ, किनकि म आफ्नो इच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु।"**

जब ख्रीष्ट यस संसारमा मानव रूप धारण गरेर आउनुभयो तब उहाँले परमेश्वरको स्वभावलाई स्वर्गमै छोडेर आउनुभएको थियो (फिलिप्पी २:५-११)। तैपनि परमेश्वर पितासँग उहाँको विशेष सम्बन्ध थियो। जब आफूलाई परमेश्वरको सरह राख्दा येशूले ईश्वर निन्दा गर्नुभयो भनेर धार्मिक गुरूहरूले उहाँलाई आरोप लगाएका थिए तब विशेष काम गर्न परमेश्वरबाट विशेषअधिकार आफूले पाएको दावी उहाँले गर्नुभएको थियो (यूहन्ना ५:१९-३०)। त्यस मध्ये न्याय गर्नु उहाँको एउटा काम थियो। ख्रीष्टलाई न्याय गर्ने अभिभारा सुम्पिन्दा परमेश्वर पितालाई मानव जातप्रति विशेष दया र अनुग्रह देखाएको प्रमाणित गर्दछ। ख्रीष्ट मानिस भएर जन्मनु भयो र उहाँलाई मानव कमीकमजोरीहरू असलै रूपमा थाहा छ। त्यसकारण न्यायोचित र उचित ढङ्गमा न्याय गर्न उहाँ उचित स्थानमा रहनु भएको छ। ख्रीष्ट आफै मानव जीवनको अनुभव गर्नुभएको हुनाले उहाँले मानिसलाई अन्यायपूर्वक आलोचना गर्नुहुन्न। साँच्चिक्कै भनौं भने दण्ड उहाँबाट आउँदैन भनेर उहाँले भन्न चाहनुभएको देखाएको छ। तर जब पापीले परमेश्वरको निर्देशनलाई पालन गर्न अस्वीकार गर्छ र पश्चाताप गर्दैन उसले आफ्नो सजायँ आफैले ल्याउँछ भनेर उहाँ बुझाउन चाहनुहुन्छ (यूहन्ना १२:४८)।

परमेश्वरको दश आज्ञा वा व्यवस्थालाई धेरै मानिसहरूले जानेको छ तर त्यसलाई कसरी पालन गर्ने भनेर धेरैलाई थाहा छैन। दश आज्ञा यथार्थमा कार्यसूची होइन जसलाई हेरेर हामी स्वर्गको राज्यमा पस्न सक्छौं कि सक्दैनौं भनेर दिनदिनै हेर्छौं। तर त्यसले प्रेमका विभिन्न नीतिहरूको वाख्या गर्दछ। त्यसलाई पालन गरेर हामी परमेश्वरको नजरमा धर्मात्मा वा असल ठहरिन जाने होइन। तर आवश्यक परेको प्रतेक व्यक्तिसँग परमेश्वरको प्रेम बाँड्न उहाँको व्यवस्थाको नीतिले हरेक येशूभक्तलाई उचाल्दछ। दश आज्ञा न्यायको सिद्ध मापदण्ड भएकोले येशूको अनुयायी हुँ भनेर दावी गर्ने प्रत्येक विश्वासीले प्रेमको तह परमेश्वर र मानिससँग कसरी बाँडे भनेर त्यसले छर्लङ्ग पार्दछ। जब संसारको अन्तमा न्याय हुन्छ तब ख्रीष्टले परमेश्वरको त्यस अपरिवर्तनीय प्रेमको (याकूब २:१२) मापदण्ड अनुसार मानिसलाई उहाँले न्याय गर्नुहुनेछ।

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित देहायका सामग्रीहरू पढनुहोस्: *टेस्टिमोनिज फर द चर्च,* ठेली ७ पृ. २६०-२६४को "चर्च डिसिप्लिन" र पृ. २६५-२६६को "कन्सिडर वान आनादर।"

"एक आपसको गरुङ्गो भारी बोकी देऊ। यदि तिमीहरूले यसो गर्‍यौ भने तिमीहरूले ख्रीष्टको व्यवस्था वा नीतिलाई पूर्ण अर्थ दिएर पालन गरेका रहेछौ भनेर देखाउँदछ (गलाती ६:२ रूपान्तरित)।" यहाँ परमेश्वरले हाम्रो सामु हाम्रो कर्तव्य के रहेछ भनेर देखाउनुभएको छ। ख्रीष्टलाई पछ्याउँछु भनेर दावी गर्नेहरूले परमेश्वरले दिनुभएको नीति वा व्यवस्थालाई पालन गर्न किन गम्भिर हुँदैन, यो अचम्मको छ।.....

"हामीहरूको मन कस्तो छ भन्ने कुरालाई हामी आफैलाई कमै थाहा छ। परमेश्वरको अनुग्रह र दयाको आवश्यकता हामीलाई कतिको छ भन्ने कुरामा हामीलाई कमै आत्मज्ञान छ। त्यसकारण येशूले हामीलाई दिनुभएको अलिकति मिठो माया ममता पनि प्रेमपूर्वक पकडी राख्दछौं। हामीले पाएको येशूको त्यस माया र ममता अरूलाई पनि हामीले बाँड्नुपर्दछ। हामीहरूको दाजुभाई हामी जस्तै कमजोरी पापीहरू हुन् भनेर हामीले सम्झिरहनुपर्दछ। हुनसक्छ हामीहरूका विश्वासी दाजुभाई हेलचक्राईंले गर्दा प्रलोभनमा फस्यो रे! वा उसले कुनै

गल्ती गऱ्यो रे! त्यस्तो परिस्थितिमा उसलाई हामीले कसरी सहायता गर्ने? महान् र असल काम गर्न परमेश्वरले मानिसहरूलाई प्रयोग गर्नभएको थियो भनेर बाइबलको इतिहासबाट हामी सिक्दछौं। तर कतिपय तिनीहरू पापमा फसेका थिए। परमेश्वरले तिनीहरूको जघन्य पापप्रति आँखा चिम्लनुभएन। तर उहाँले आफ्ना सेवकहरूलाई हत्याउनु पनि भएन। जब तिनीहरूले पश्चाताप गरे तब तिनीहरूको कमजोरीप्रति संवेदनशील भएर परमेश्वरले तिनीहरूलाई दया देखाएर क्षमा दिनुभएको थियो। तिनीहरूसँग उहाँ रहनुभएको छ भनेर उहाँको उपस्थितिलाई तिनीहरूलाई आभास दिएका थिए। अनि तिनीहरूबाट उहाँले आफ्नो काम सम्पन्न गर्नुभएको थियो। नीरिह र कमजोरी पापीहरूले परमेश्वर र विश्वासी दाजुभाईको दया र धिरजको अत्यन्त खाँचो भएको
जानुन्। अरूको न्याय वा मूल्याङ्कन गर्ने बानी र आलोचना गर्ने बानीबाट तिनीहरू सचेत रहन सिकुन्।"-एलेन जी ह्वाइट, साइन अभ टाइमस्, जनवरी २५, १८८३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. एलेन जी ह्वाइटको माथिको भनाईलाई सोच्नुहोस्। जो पापमा फस्छ वा गल्ती गर्छ त्यसप्रति हामी दया र ममता देखाउनु किन अत्यन्त आवश्यक छ?

आ. बाइबलका प्रख्यात हस्तीहरूको बारेमा सोच्नुहोस् जो पापमा फसेका थिए। तै पनि परमेश्वरले तिनीहरूलाई क्षमा दिनुभएको थियो र तिनीहरूको कमजोरीको बाबजुद पनि निरन्तररूपमा तिनीहरूलाई उहाँले प्रयोग गर्नुभएको थियो। ती उदाहरणहरूबाट हामी के महत्त्वपूर्ण पाठ सिक्न सक्छौं?

इ. चर्चमा अनुशासन कायम राख्नुपर्छ त्यसमा कसैको दुईमत छैन। कोही पापमा फस्यो भने त्यसलाई कार्यवाही गर्नुपर्छ। तर कार्यवाही गर्ने क्रममा तिनीहरूलाई कसरी दया र अनुग्रह देखाउने? अनुशासन र अनुग्रह एक आपसमा बाँझिदैन भनेर कसरी आभास पाउने?